बागमती प्रदेश सरकार

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

सामाजिक विकास कार्यालय

काभ्रेपलान्चोक

पत्र सङ्ख्या: ०८३/०८४

चलानी नम्बर:

विषय:प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना।

(प्रथम पटक प्रकाशित मिति:२०८३/०८/०२ गते)

चालु आर्थीक वर्ष २०८३/०८४मा यस सामाजिक विकास कार्यालय,धुलिखेल,काभ्रेपलाञ्चोकको स्विकृत वार्षीक कार्यक्रम अन्तर्गत **"सामाजिक क्षेत्रका कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन निर्देशीका,२०७८"** बमोजिम तपशिल अनुसारका कागजातहरु सहित उक्त **निर्देशिकाको अनुसुची -१** को ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (२०८३ मङसिर १६गतेसम्म) कार्यलय समय भित्र यस सामाजिक विकास कार्यालय,धुलिखेल,काभ्रेपलाञ्चोकमा प्रस्ताव पत्र पेश गर्न कार्यक्रमसँग सम्बन्धित क्षेत्रमा कार्यरत काभ्रेपलाञ्चोक,सिन्धुपाल्चोङ्क,दोलखा,र रामेछाप जिल्लाभित्र दर्ता र कार्यक्षेत्र भएका इच्छुक सामाजिक संस्थाहरुका लागि यो सुचना प्रकाशित गरिएको छ

क्र.श	कार्यक्रमको नाम	पेश गर्नु पर्ने कागजातहरु
१	जिल्ला सेवा केन्द्र/सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र सञ्चालन गर्ने महिला सहकारी संस्थाहरु तथा safe house का लागि सहयोग कार्यक्रम	**१.संस्थाले देहायका विषयहरु समाविष्ट हुने गरी तोकिएको ढाँचाको प्रस्तावपत्र,** * प्रस्ताव तयार गर्दा लैससास (कार्यक्षेत्रमा समावेशिकरणको लागि अवस्था विश्लेषण प्राथमिकीकरण,बजेट,कार्यान्वयन र प्रभाव मुल्याङ्कन)सुनिश्चित भएको हुनुपर्नेछ। * सञ्चालकहरुको विवरण, भौतिक संरचना, जनशक्तिको अवस्था,सम्बन्धित क्षेत्रको अनुभव,आन्तरिक तथा अन्य निकायहरुसँगको स्रोत परिचालनको स्थिति र नेपाल सरकार तथा प्रदेश सरकारद्धारा स्वीकृत खर्चको मापदण्डबमोजिम कार्यक्रम खर्चको अनुमानित * सामाजिक विकास मन्त्रालयबाट विगत ३ आ.व मा निकासा भएको रकम र प्राप्त उपलब्धी २. संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपी ३. स्थायी लेखा नं. दर्ता र गत आर्थीक वर्षको करचुक्ताको प्रमाणपत्र ४.अघिल्लो आर्थीक वर्षको लेखापरीक्षण प्रतिवेदन/संस्थाको विधान र संक्षीप्त प्रोफाइल ५. सञ्चालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपी ६. चालु आ.व मा अन्य सरकारी निकायबाट अनुदान स्वीकृत नभएको व्यहोरा सहितको सम्बन्धित स्थानीय तहको सिफारिस ७. सामाज कल्याण परीषदमा आवद्धता प्रमाणपत्र (महिला सहकारी संस्थाको हकमा नपर्ने)अन्य आवश्यक कागजातहरु ८.अन्य निकायबाट व्यहोरिने स्रोतको हकमा स्रोतको सुनिश्चता सम्बन्धी प्रमाण
स्पष्टिकरण:म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।		

पुनश्चः नेपाल सरकार महिला,बालबालिका तथा ज्येष्ठ नागरीक मन्त्रालय,**महिला तथा बालबालिका विभागको महिला विकास कार्यक्रम सञ्चालन मार्गदर्शनको अनुसूचि २४** मा उल्लेख भएको विषयमा बागमती प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड,२०७८को जिल्लास्तरको खर्चको परिधीभित्र प्रस्ताव पेश गर्नुपर्नेछ। सम्बन्धित निर्देशिका,अनुसुची फारम लगायत विस्तृत जानकारीको लागि सामाजिक विकास मन्त्रालय,बागमती प्रदेश,हेटौडाको वेवसाइटमा https:mosd.bagamati.gov.np/ यस कार्यलयको वेवसाइट https://sdokavre.bagmati.gov.np (social development office kavre) हेर्न तथा मोबाइल नः९८५१४०१३२६ वा ९८५१२२९३२६ वा ९८६२००७८७२ मा सम्पर्क गर्न सकिनेछ ।

फोन नं. ०११-६६१४९२